**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख ११ गते**
गण्डकी प्रदेशमा वैशाख ११ गते सम्म ४ हजार ७ सय ८३ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. बिनोदविन्दु शर्माले जानकारी दिनुभएको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार कास्कीमा वैशाख ११ गते सम्म ६ सय ८५ जनाको र्‍यापीड टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । यस्तै १ सय ६१ जनाको स्वाब परीक्षण गरिएकोमा १ सय ५९ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने दुई जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।
गण्डकी प्रदेशमा प्रदेशस्तरीय मानव अधिकार अवस्था अनुगमन समितिको बैठकले इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेललाई सदस्यको रूपमा मनोनित गरेको छ ।
बैठकले हालसम्म क्वारेण्टाइन व्यवस्थित नभएको, कतिपय क्वारेण्टाइन खुला स्थानमा टेन्टमा बनाइएको भन्ने सूचनाहरू प्राप्त भएको र अहिले मौसम समेत प्रतिकूल रहेको भन्दै त्यसबारे थप जानकारी लिइ आवश्यक काम अगाडी बढाउने निर्णय गरेको छ ।
यस्तै स्थानीयतहद्वारा पहिलो चरणमा राहत वितरणका क्रममा विशेष अवस्थाका व्यक्तिहरूको लागि राहतको प्याकेज नभएको, नियमित औषधि सेवन गर्नुपर्ने श्रमिक तथा विपन्न वर्गको औषधि राहतमा नसमेटिएको तथा वास्तविक राहत पाउनुपर्ने व्यक्ति छुटेको भन्ने गुनासोहरू प्राप्त भएकोले उक्त गुनासाहरूलाई उच्चस्तरीय अनुगमन समितिलाई जानकारी गराउने निर्णय गरेको छ ।
राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराका निर्देशक एवंम कोभिड-१९ को सन्दर्भमा संयोजक श्री दिपक जंग ध्वज कार्कीको अध्यक्षतामा बसेको बैठकले पहिरो, आँधी, चट्याङग लगायतका प्राकृतिक प्रकोपहरूले कोभिड-१९ नियन्त्रणमा समस्या देखिन सक्ने तथा लामो समयसम्म कोभिडको समस्या रहेमा खाद्यान्न समेत अभाव हुन सक्ने कुरालाई समेत मध्यनजर गरी अहिलेनै प्रतिकार्यको योजना बनाउन उपयुक्त हुने सुझाव प्रस्तुत भएको थियो ।
त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूको अत्यावश्यक स्वास्थ्य सामग्रीहरूको अभाव तथा सो कुरा राहतमा नसमेटिनु, नियमित रूपमा परीक्षण गर्नुपर्ने बिरामीहरूको सेवा स्थगन हुनु, लकडाउनको कारणले जटिल रोगका बिरामीहरूलाई स्वास्थ्य संस्थासम्म गएर उपचार गराउन समस्या विशेष गरी गर्भवती महिला र जटिल रोगीलाई, त्यसैगरी नवलपरासी सुस्ता पूर्वका सर्पदंशको एन्टिस्नेक भेनमको तयारी गर्नुपर्ने, बिसिजी लगायत नियमित खोप कार्यक्रम स्थगन हुनु, महिला स्वयंसेवकहरूलाई कोभिड स्वास्थ्य सम्बन्धी निर्देशिका, पन्जा, सर्जिकल माक्स, सेनेटाइजर, ज्वँरो नाप्ने थर्मल गन आदि उपकरणको अभाव भएकोले सोको प्रबन्ध समेतको लागि सुझाव प्राप्त भएको र उक्त सुझाव उच्चस्तरीय अनुगमन समितिमा पठाउने निर्णय गरेको छ ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार नेपालको पाँचौ तथा बागलुङको पहिलो कोरोना सङक्रमित १९ वर्षीया युवतीको कोरोना परीक्षणको पाँचौं रिपोर्ट नेगेटिभ आएको छ । धौलागिरी अञ्चल अस्पतालको आइसोलेशन कक्षमा उपचाररत युवतीको यसअघिको चार ओटा पुनः परीक्षणको रिपोर्ट पोजेटिभ देखिएको थियो ।

वैशाख ११ गते पोखरामा गरिएको स्वाब परीक्षणमा कोरोना सङ्क्रमणको नेगेटिभ रिपोर्ट आएको धौलागिरी अञ्चल अस्पताल बागलुङका प्रमुख शैलेन्द्र बि पोखरेलले बताउनुभएको छ । वैशाख १२ गते पुनः स्वाब पठाइने र उक्त रिपोर्ट पनि नेगेटिभ आए डिस्चार्ज गरिने जानकारी पोखरेलले दिनुभयो । सङ्क्रमित युवतीले पनि टेलिफोन सम्पर्कमा कुराकानी गर्दै पाँचौ रिपोर्ट नेगेटिभ आएपछि आफू निकै उत्साहित भएको र कोरोनालाई जितेर छिट्टै घर फर्कने दृढता व्यक्त गरिन् । उनी चैत्र ४ गते बेल्जियमबाट कतार एयरवेजको विमान हुँदै नेपाल आएकी थिइन् । त्यही क्रममा उनलाई चैत्र १५ गते कोरोना सङ्क्रमणको पुष्टि भएको थियो ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार गोरखामा हाल सम्म ५ सय ३६ जनाको र्‍यापीड टेष्ट भएको छ । स्वास्थ्य कार्यालय गोरखाका अनुसार ती मध्ये ४ सय २७ पुरूष र १ सय २ महिला  रहेका छन् । र्‍यापीड टेष्टको क्रममा आरडीटी रिपोर्ट पोजेटिभ आएका दुई जनाको स्वाब परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ ।
गोरखामा एक महिनाको अवधिमा २८ जनाको स्वाब परीक्षणको लागि पठाइएको थियो । ती मध्ये २३ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने पाँच जनाको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालय गोरखाले जनाएको छ ।
लकडाउनका कारण अलपत्र परेका करिब डेढ सय मजदुरको गोरखा नगरपालिकाले उद्धार गरेको छ । बाँके, कैलाली, बर्दिया र सुर्खेत लगायतका स्थानका मजदुरलाई व्यवस्थापन गरी घर सम्म पुग्ने वातावरण मिलाइएको गोरखा नगरपालिकाका मेयर राजन राज पन्तले बताउनुभयो ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार वैशाख ११ गते ४५ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट भएको छ । योसँगै जिल्लामा हालसम्म ७ सय ९२ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।  जिल्लामा वैशाख ११ गते २ जनाको स्वाब परीक्षण गरिएका र दुबै जनाको रिपोर्ट नेगेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार जिल्ला प्रशासन कार्यलय पर्वतले एक जिल्ला बाट अर्को जिल्ला र एक स्थानीयतहबाट अर्को स्थानीयतह प्रवेशमा थप कडाइ गर्न थालेको छ । नेपालमा कोरोना भाइरसको सङ्क्रमणले तेस्रो चरणमा प्रवेश गरेको भन्दै थप कडाइ गर्न लागिएको जिल्ला प्रशासन कार्यालय पर्वतले वैशाख ११ गते जारी गरेको प्रेस विज्ञप्तिमा जनाइएको छ ।
जिल्ला र स्थानीयतहको आवागमनमा यस अघिनै रोक लगाइएको भएपनि पछिल्लो समय आवतजावत बढी देखिएकोले यसलाई कडाइको साथ रोक लगाउन सबै सरोकारवाला पक्षसँग अनुरोध गरिएको पर्वतका प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले जानकारी दिनुभयो ।  यस कार्यमा सबैको सकारात्मक सहयोगको अपेक्षा समेत गरिएको उहाँले जानकारी दिनुभयो । यस्तो समयमा आफ्नो वडामा कोही नयाँ व्यक्तिको आगमन भएको छ भने त्यसको लग राखी अनिवार्य क्यारेण्टाइनमा राख्ने व्यवस्था मिलाउन जिल्लाका सबै स्थानीयतहहरूलाई जानकारी समेत गराइएको छ ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा वैशाख ११ गते सम्म ५ सय ६३ जनाको कोरोना परीक्षण गरिएको छ । कोरोना परीक्षण गर्नेमा ४ सय ९२ पुरुष र ७१ जना महिला रहेका छन् ।

हालसम्म जिल्लामा १८ जनाको स्वाब परीक्षण गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले बताउनुभएको छ ।
जिल्ला प्रशासन कार्यालय तनहुँले लकडाउनको अवधिमा अन्य जिल्लाबाट जिल्लामा प्रवेश गरेका सबै व्यक्तिहरू सम्बन्धित स्थानीयतहले व्यवस्था गरेका क्वारेण्टाइनमा अनिवार्य बस्न अनुरोध गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी रामेश्वर अर्यालले वैशाख ११ गते सूचना प्रकाशित गरी लकडाउनको अवधिमा अन्य जिल्लाबाट तनहुँ जिल्लामा प्रवेश गरेका व्यक्तिहरूलाई १४ दिन अनिवार्य क्वारेण्टाइनमा बस्न र स्थानीयतहहरूले पनि त्यस्ता व्यक्तिलाई क्वारेण्टाइनमा राख्ने व्यवस्था गर्न अनुरोध गरेको छ । क्वारेण्टाइनमा बसे पश्चात स्वास्थ्य परीक्षण गरेपछि मात्र आफ्नो परिवारसँग रहन पाइने जिल्ला प्रशासनको सूचनामा जनाइएको छ ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार वैशाख ११ गते जिल्लाबाट एक जनाको स्वाब परीक्षणको लागि पोखरा पठाइएको र रिपोर्ट नेगेटिभ आएको बेनी अस्पतालका ल्याब टेक्निसियन ध्रुव गिरीले बताउनुभयो ।
रुकुमको चौरभ्hari नगरपालिका-५, मल्यासिम घर जाने भन्दै वैशाख १० गते पर्वतबाट बेनी आएका १० जना मजदुरहरूको जिल्ला प्रशासन कार्यालयको पहलमा उद्धार गरिएको हो । २०७२ सालको भूकम्पका भत्किएका घरहरू बनाउन गत पुष महिनामा गोरखा गएका र लकडाउनका कारण पैदल हिँड्दै आएका उनीहरूको उद्धार गरिएको हो ।
वैशाख ५ गते गोरखाबाट पैदल हिँड्रे दुई दिनमा पोखरा आएर बसेका मजदुरहरू वैशाख ९ गते साँझ पर्वतको कुश्मा आइपुगेर वैशाख १० गते बिहानै कुश्माबाट हिँड्रे बेनी आइपुगेका उनीहरू म्याग्दी प्रवेशमा रोक लगाइएका कारण अलपत्र परेका थिए ।
घर जान भनेर हिँड्का मजदुरहरू बाटैमा अलपत्र परेको भन्ने सूचनाको आधार प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालले आवश्यक समन्वय गरी उनीहरूलाई जीप मार्फत बागलुङ पठाइएको छ । अलपत्र परेका मजदुरहरूको उद्धारका लागि नेपाल ट्रेड यूनियन महासङ्घ (जिफन्ट)का केन्द्रीय सदस्य बलादेवी राईले समन्वय गर्नुभएको थियो ।
अलपत्र मजदुरहरूलाई बागलुङसम्म पठाउने र वैशाख ११ गते बुर्तिबाङसम्म पठाउनका लागि आवश्यक व्यवस्था मिलाइएको छ भने बुर्तिबाङबाट रुकुमसम्म रुकुमका प्रमुख जिल्ला अधिकारी आफै आएर मजदुरलाई गृह जिल्ला लैजान टेलिफोन मार्फत समन्वय गरिएको प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालले बताउनुभयो ।
लायन्स क्लब अफ बेनी पिस सिटीले अलपत्र मजदुरहरूलाई खाजाको व्यवस्था गरेको थियो ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार वैशाख ११ गते जिल्लाका विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट ३५ जनाले सेवा लिएका छन् भने एक जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट गरिएको छ । बेसिशहर नगरपालिकाको क्वारेण्टाइनमा थप ७ जना , मध्यनेपाल नगरपालिकाको क्वारेण्टाइनमा पाचँ र क्व्होलासोथारगा गाउँपालिकाको क्वारेण्टाइनमा ३ जनालाई राखिएको छ भने २ जना घर फर्केका छन् । हालसम्म जिल्लामा २ सय ४ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**